म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१५ मंगलबार ११ असार २०८१ ने. सं. ११४४ तछलागा 25 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरसहित ७२ जिल्लामा फैलियो डेंगु

हेटौंडा, १० असार/गर्मी बढेसँगै पछिल्लो समय मकवानपुर सहित देशको ७२ जिल्लामा डेंगू संक्रमण फैलिएको छ । देशभर ७७ जिल्लामध्ये ७२ जिल्लामा डेंगू संक्रमित फैलिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) ले जनाएको छ ।

महाशाखाका अनुसार, सन् २०२४ को जनवरीदेखि जुन २३ सम्मको अवधिमा देशभर १ हजार २ सय ६८ जनामा डेंगु देखिएका छन् । तीमध्ये बागमती प्रदेशमा सबैभन्दा धेरै संक्रमित फेला परेका छन् । त्यहाँ ४४२ जना सङ्क्रमित फेला परेका हुन् । यसैगरी, कोशी प्रदेशमा २ सय ९० जना, मधेश प्रदेशमा ३४ जना, गण्डकी प्रदेशमा १ सय ९० जना, लुम्बिनीमा १ सय ५१ जना र कर्णाली प्रदेशमा १९ जना र सुदूरपश्चिम प्रदेशका १ सय ४२ जनामा डेंगु पुष्टि भएको छ ।

### बागमती गाउँपालिका बजेटमा विवाद :

# उपाध्यक्षसहित चार वडाध्यक्षको बहिष्कार

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकाले सोमबार गाउँसभामा प्रस्तुत गरेको नीति, कार्यक्रमलाई उपाध्यक्षसहित चार वडाअध्यक्षले बहिष्कार गरेका छन् । संघ सरकार, प्रदेश सरकारमा जस्तै बजेटमा सत्तापक्ष र प्रतिपक्षको बिवाद बागमती गाउँपालिकामा पनि देखिएको छ ।

उपाध्यक्ष र वडा अध्यक्षको बहिष्कारबीच बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले आगामी आर्थिक वर्ष २०८१/८१ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानकाअनुसार गाउँपालिकाले नीति तथा कार्यक्रम मात्रै प्रस्तुत गरिएको थियो । समष्टिगतरुपमा बजेटको आकारसमेत प्रस्तुत नभएको घलानले बताए । तर, प्रतिपक्षी दलका प्रतिनिधिले भने गाउँसभा छोडेर अपरान्ह हेटौंडाको एक होटलमा पत्रकार सम्मेलन गर्न आइपुगेका थिए ।




अध्यक्ष घलानले एक्लौटी ढंगले नीति तथा कार्यक्रम ल्याएको भन्दै नेपाली कांग्रेस र नेकपा एमालेका जनप्रतिनिधिले गाउँसभा बहिष्कार गरेर हेटौंडामा पत्रकार सम्मेलन गरेका हुन् । गाउँपालिका उपाध्यक्ष तथा नेपाली कांग्रेस नेता फणिन्द्र तिमल्सिना, वडा नम्बर ६ का अध्यक्ष टेकबहादुर डिमडुङ, ७ का अध्यक्ष उत्तरबहादुर भोलन, ८ का अध्यक्ष इन्द्रमणि तिमल्सिना (केशव), ९ का अध्यक्ष पूर्णराम घलान र कार्यपालिका सदस्य डम्बर बहादुर विकले गाउँसभा बहिस्कार गरेका हुन् ।

बहिष्कारपश्चात् सोमबार अपरान्ह हेटौंडामा पत्रकार सम्मेलन गर्दै गाउँपालिका उपाध्यक्ष तिमल्सिनाले अध्यक्ष घलानले कार्यकर्तामुखी कार्यक्रम ल्याएर जनमतको उपेक्षा गरेको आरोप लगाए ।

गाउँसभामा बजेट सार्वजनिक गर्नुभन्दा पनि नीति तथा कार्यक्रम मात्रै सार्वजनिक गरिएको बताइएको छ । गाउँसभा सरु हुन नपाउँदै बहिष्कार गरेका प्रतिनिधिले सांकेतिक विरोध गरेको बताएका छन् । उपाध्यक्ष तिमल्सिनाले गाउँपालिकाभित्र विगतमा भएका अनियमितताको पनि सुक्ष्म ढंगले विश्लेषण गर्ने बताएका छन् ।

उपाध्यक्ष तिमल्सिनाले प्रत्येक वडामा सिलिङ बजेटको व्यवस्थापन गर्नुपर्ने, उपाध्यक्ष र वडाध्यक्षको अधिकारमा हस्तक्षेप गर्न नहुने जस्ता माग आफूहरुको रहेको बताए । उनीहरुले टाउकोमा कालोपट्टी बाँधेर गाउँपालिका कार्यालय अगाडि नाराबाजी गर्दै गाउँसभा बहिस्कार गरेका थिए । गाउँपालिकाको नीति तथा कार्यक्रम र आठौं गाउँसभामा अध्यक्ष घलानले एकलौटी गरेको आरोप छ । गाउँपालिकाले करार कर्मचारी नियुक्ति गर्दा प्रदेश र संघको बजेट प्रयोग गर्न नपाउने, करार कर्मचारी नियुक्ति गरेमा आन्तरिक स्रोतबाट तलबभत्ता दिनेगरी नियुक्त गर्नुपर्ने, क्रसर उद्योगको नाममा विनियोजन गर्दै आएको बजेट कटौती गर्नुपर्ने माग विज्ञप्तिमार्फत् राखेका छन् ।

गाउँपालिकाको ९ वडामा बजेट सिलिङ नपठाई आगामी आवको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न खोजिएपछि विरोध गरेका बताएपनि गाउँपालिकाले आयब्ययको प्रक्रिया अगाडि नबढाइएको बताइएको छ । स्रोतअनुमान समितिको बैठकबाट तोकिएपछि मात्रै सिलिङ पठाउने तयारी गरेको प्रमुख प्रशासकीय अधिकृत घलानले बताए । बजेट निर्माणसम्बन्धी चारवटा बैठक राखेर पनि सञ्चालन हुन नसकेको उनको भनाई छ । सोमबार बिहानको कार्यपालिका बैठक पनि बस्न सकेको छैन । जनप्रतिनिधि जनताप्रतिको उत्तरदायी बन्न नसकेपछि बहिस्कार गर्ने नाटक गरेको गाउँसभाका एक सहभागीले बताएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत घलानका अनुसार बागमती गाउँपालिकाले बजेट प्रस्तुतका लागि अर्को बैठक तय गरेको छैन । गाउँपालिकाको १ देखि ५ नम्बर वडामा माओवादी केन्द्रबाट वडाअध्यक्ष निर्वाचित छन् । ६, ८ र ९ मा एमाले तथा उपाध्यक्ष र ७ नम्बर वडाअध्यक्ष कांग्रेसबाट निर्वाचित छन् । बागमतीमा हरेक वर्षको बजेट प्रस्तुतमा जनप्रतिनिधि बीच विवाद हुने गरेको छ । अध्यक्ष घलान दुवैपटक नेकपा माओवादीबाट अध्यक्ष निर्वाचित भएका हुन् ।

२०७४ मा एमालेसँगको गठबन्धन र २०७९ मा कांग्रेससँगको गठबन्धनबाट घलान अध्यक्ष बनेका हुन् । यसअघिको कार्यकालमा एमालेबाट निर्वाचित उपाध्यक्ष धनमाया स्याङ्तानसहितले अधिकांश गाउँसभा बहिस्कार गरेका थिए । कांग्रेसबाट निर्वाचित हालका उपाध्यक्ष तिमल्सिनाले दुवै पटकको बजेट बहिष्कार गरेका छन् । चालू आव २०८०/८१ को बजेट ल्याउने गाउँसभामा उपाध्यक्ष तिमल्सिना अनुपस्थित भएपछि अध्यक्ष घलानले बजेट पढेका थिए ।

# 'लिटिल बुद्ध' भनिएका बम्जन बालयौन दुराचार मुद्दामा दोषी ठहर

साझाकुरा संवाददाता



हेटौंडा, १० असार/ तपश्वी दाबी गर्ने रामबहादुर बम्जन बालयौन दुराचार गरेको कसूरमा दोषी ठहर भएका छन् । जिल्ला अदालत, सर्लाहीका न्यायधीश जीवनकुमार भण्डारीको इजलासले सोमबार उनलाई दोषी ठहर गरेको हो ।

बम्जनमाथि १७ असारमा सजाय निर्धारण हुने अदालतले जनाएको छ । महिला अधिकारकर्मीको सहयोगमा ३० भदौ २०७६ मा ललितपुरमा पत्रकार सम्मेलन गर्दै १८ वर्षीया युवतीले बम्जनले पटकपटक बलात्कार गरेको खुलासा गरेकी थिइन् । त्यसपछि प्रहरी कहाँ पनि यो विषयमा उजुरी परेको थियो । सर्लाहीस्थित आश्रममा बालयौन दुराचार भएको जाहेरी थियो ।

रामबहादुरसँगै तोप्चेङ महात्मा गुरु भनिने ज्ञानकुमार बम्जन र जेबी गुरु भनिने जीतबहादुर तामाङ पनि दोषी ठहरिएका छन् । ज्ञानकुमार र जीतबहादुरलाई मतियारको रुपमा सजाय मागदाबी गर्दै अदालतमा अभियोगपत्र पेश भएको थियो । बम्जनमाथि सर्लाहीकी रिता बोट, नुवाकोटकी कर्मा तामाङ, मकवानपुरकी फूलमाया रुम्बा, सुरेश आलेमगर र सञ्चमान वाइबा बेपत्ता पारेको अभियोग छ । उनीहरु सबैलाई सिन्धुलीस्थित आश्रमबाट बेपत्ता बनाइएको प्रहरी अनुमान छ ।

बम्जनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले २४ पुस २०८० मा काठमाडौंबाट पक्राउ गरेको थियो । घरबाट भाग्न खोज्दा उनी पक्राउ परेका थिए । प्रहरीले उनलाई २०७६ सालदेखि नै खोजी गरिरहे पनि २०८० सालमा मात्रै उनी पक्राउ परेका थिए ।

त्यसबीचमा उनी बारा, मकवानपुर, सिन्धुली जिल्लाका जंगलमा लुक्दै आएको आशंका गरिएको थियो । सर्लाही अदालतले २७ पुस २०८० मा उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

# भीमफेदीको नीति तथा कार्यक्रम पारित




साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ भीमफेदी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रम पारित भएको छ ।

पालिकाको सोमबार सम्पन्न ११ औं गाउँसभाबाट पालिका उपाध्यक्ष सञ्जीव श्रेष्ठले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई सर्वसम्मत पारित गरिएको हो । पालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा रैथानेबाली उत्पादन बढाउन कोदो र फापरमा नगद अनुदान वितरण गर्ने उल्लेख गरिएको छ ।

यस्तै, पालिकाले विद्यालयमा दिवाखाजा कार्यक्रमलाई विस्तार गर्ने प्रस्तुत नीति तथा कार्यक्रममा भनिएको छ । नीति तथा कार्यक्रममा संघीय सरकारले ५ कक्षासम्म सञ्चालक गरेको खाजा कार्यक्रमलाई पालिकाले विस्तार गरेर ८ कक्षासम्म पुऱ्याउने नीति लिएको जनाएको छ ।

यसैगरी, पालिकाले अनौपचारिक क्षेत्रका १०० जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउने प्रस्ताव गरेको छ । पालिकाले चालु आर्थिक वर्षमा पनि १०० जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराएको छ । गाउँसभामा न्यायिक समितिका संयोजक तथा गाउँपालिकाका उपाध्यक्ष श्रेष्ठले न्यायिक समितिको प्रगति प्रतिवेदन र आगामी आवको आर्थिक विधेयक प्रस्तुत गरेका थिए ।

नीति तथा कार्यक्रम, आर्थिक विधेयक र न्यायिक समितिको प्रतिवेदन पारित भएसँगै अर्को सूचना नभएसम्मका लागि गाउँसभा स्थगित गरिएको छ । गाउँसभा पालिकाका अध्यक्ष हिदम लामाको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्यास रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# नि:शुल्क शिक्षा, खोक्रा नारामात्र

बागमती प्रदेशको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शिक्षामा भएको बेथितिको कारण नेपाल गरिव भएको बताएका छन् । बेथिति सुधार गर्ने तहमा पुगेका जनप्रतिनिधिले यो कुरा भनिरहँदा थोरै भएपनि लाज लाग्नु पर्ने थियो । राज्यले लगानी गरेर पढाएका विद्यार्थी नेपालमा टिक्न नसकेको र युवापलायनको भयाबह अवस्था छ । तीनै तहका सरकारका अगाडि शिक्षामा थुप्रै चुनौती छन् । बालबालिकालाई विद्यालय सिकाउने, टिकाउने र दक्ष बनाएर बिकाउने चुनौती छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षाको जिम्मेवारी पालिका तह अर्थात स्थानीय सरकारलाई दिएको छ । यतिबेला स्थानीय सरकारलाई शिक्षकको काम गर्ने शैली, विद्यालयको अवस्था, गुणस्तर भन्ने चिज काउसो सरह भएको छ । काउसो अर्थात छुनेबित्तिकै जीउ चिलाउन थाल्छ । स्थानीय सरकारका संचालकहरु आफूलाई राजा, महाराजा ठान्ने र शिक्षकलाई झोले कार्यकर्ता ठान्ने प्रबृत्तिले शिक्षामा चरम निराशा पैदा भएको छ । नेपालका सामुदायिक विद्यालयका शिक्षकले आफूलाई संघीय कर्मचारी ठान्छन् । स्थानीय सरकार स्थानीय कर्मचार ी भन्ठान्छन् । यो बिवाद निरुपण हुन सकेको छैन । समस्या यहीबाट सुरु भएको छ । यो समस्या कक्षाकोठासम्म पुगेको छ । जबसम्म शिक्षक कक्षाकोठामा रमाउने वातावरण बन्दैन तबसम्म नि:शुल्क शिक्षा, अनिवार्य शिक्षा, सर्बसुलभ शिक्षा जुनसुकै नारा बनाएपनि प्रभावकारी बन्दैन ।

नेपालको प्रमुख साझा समस्या शिक्षामा भएको मुख्यमन्त्री जम्कट्टेलले बताएका छन् । यसको समाधानको लागि पाठ्यक्रम बदल्नुपर्ने उनको धारणा छ । तर, जस्तोसुकै पाठ्यक्रम बनाएपनि कक्षाकोठामा जबसम्म शिक्षक र माउने वातावरण बन्दैन तवसम्म कुनै अर्थ छैन । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) बागमती प्रदेशले आयोजना गरेको सार्वजनिक शिक्षाका नीतिगत तथा कार्यगत तहका विभिन्न सवालमाथि प्रदेशस्तरीय सार्वजनिक शिक्षा सम्मेलनमा भएका छलफल केवल देखावटी मात्र हो । भाषणमा बोल्न जति सजिलो छ ब्यवहारमा उतार्न त्यत्तिकै कठीन पनि छ । हिजोको जस्तो गुरुकूल शिक्षा पद्दती अहिले छैन । सुकुल र खरिपाटी बोकेर गुरुकूल धाउनु पर्ने अवस्थाबाट नेपालको शिक्षा प्रणाली निकै अगाडि बढिसकेको छ । तर, शिक्षा ऐन चाहिं त्यही गुरुकूलीन प्रणालीकै समयमा बनेको चलिरहेको छ । शिक्षा ऐन संशोधन गर्न महाभारतको युद्द जितेझैं हुने मुलुकमा शिक्षा प्रणाली सधार गर्ने कुरा कोरा कल्पना मात्र हो । मुख्यमन्त्री, शिक्षामन्त्रीलगायत सरोकारवालालाले यो कुरा बुझेका छन् । दलको निकटका शिक्षक संघसंगठन बनाउन दिने, चुनावमा तिनै शिक्षकलाई कार्यकर्ताका रुपमा खटाउने, भोट माग्न लगाउने अनि जितेर गएपछि त्यही शिक्षकलाई बहिस्कार गर्ने राजनीतिक दलले शिक्षा सुधार गर्ने नारा दिनु नै बेकार छ । शिक्षालाई जे जति मात्रामा सार्वजनिक बनाउन सकियो त्यही अनुपातमा समाजमा न्यायपूर्ण वातावरण सृजना हुनसक्छ ।

लोकतान्त्रिक शिक्षा आजको आवश्यकता हो । शिक्षालाई राजनीतिक मुद्दा बनाउन राजनीति दल तयार हुनु पऱ्यो । नि:शुल्क शिक्षा भनेर सरकारले फलाक्न थालेको दसक बढी भइसकेको छ । तर, ग्रामीण क्षेत्रका सामुदायिक विद्यालय जो समुदायले नै शिक्षक ब्यवस्थापन गरेर आफ्ना बालबालिकालाई पढाइरहेका छन् । ति विद्यालयमा नि:शुल्क शिक्षा कति सम्भव छ ? अभिभावकले पैसा तिरेनन् भने माथिल्लो कक्षा संचालन हुनै सक्दैन । प्राथमिक तहका शिक्षकले माध्यमिक तहको विद्यालय संचालन गरिरहेका छन् । उनीहरुले तहगत शिक्षण मात्र गर्ने हो भने नेपालका आधा माध्यमिक विद्यालय प्राथमिक तहमा झार्न बाध्य हुने अवस्था छ । यो कुरा नबुझी मन्त्रालयमा बसेर शिक्षक विद्यार्थी अनुपातको हिसाव मात्र गरिरहेका बिज्ञ भनाउदाहरुलाई पत्तो छैन । नि:शुल्क शिक्षाको खोक्रो नारा दिनुभन्दा स्थानीय सरकारलाई शिक्षामा लगानी गर्न प्रेरित गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १२ गते बुधबार २६ जुन २०२४ । पञ्चमी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ । विश्व लागूपदार्थ ओसार-पसार विरुद्धको दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# खाद्य सुरक्षा, असार र गरिबी



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

असार लाग्यो, मानु रोप्ने मुरी फलाउने महिना हो यो । नेपाली किसान दाजुभाइहरु भर्खरैको जेठ महिनामा ७३ हजार बाहिर गएछन्, वैदेशिक रोजगारीमा । यो वर्षको सबैभन्दा बढीको संख्या हो, वैशाखमा ७० हजार गएछन् । धन्न छ हाम्रो लोकतन्त्र ! लज्जाबोध छैन । विगत ११ महिनामा ६ लाख ८२ हजार ३८६ ले रोजगारीका लागि मातृभूमि छोडेको तथ्यांक आएको छ । कतिले भनेका छन्, लोकतन्त्रले दरबारमात्रै लुट्दैन, छाप्रो पनि लुट्छ । लिंकनले भनेजस्तो 'फर द पिपुल' भएन हाम्रोमा । दूधको भुक्तानी नपाएर डीडीसी घेर्न जाने किसानहरु ३ घण्टा प्रहरी नियन्त्रणमा पनि पर्छन् ।

रसिया-युक्रेनको युद्धलगायत विगतको कोरोना महामारीदेखि विभिन्न अन्तर्राष्ट्रिय परिवेश भन्दै संसारभरि महँगी बढेको छ । खाद्यान्नको समस्या भन्दै नजिकको भारतले आटा, सुजी, मैदालगायत गहुँ निर्यात बन्द गरेको, कोटा तोकेको कैयन उदाहरण पनि छन् । चालू आर्थिक वर्षको बजेटले भान्छामा भ्याट लगाउन छोडेन । पंक्तिकारले ३ महिनाअघि किनेको चामल २५ केजी बोराको अहिले किन्दा साबिकभन्दा ठ्याक्कै साँढे पाँच सय बढी तिरेको छु यो हप्ता । यो वृद्धिको क्रम रोकिने अवस्था छैन । कर्मचारीलाई तलब बढेन र रुखका जरामै हानेपछि हतियार धारिलो हुने देखेर संसद्का कर्मचारीले भत्ता सुविधा बढाउन आन्दोलन गर्न थाले । कोहीले घरायसी कारणले नै बर्दीधारी पेस्तोलको अधिकार पाएकाले नै आफ्नै कन्चटमा तेर्स्याए, त्यही भवन परिसरमा, रामनाम सत्य भइहाल्यो । अध्यात्मलाई उजागर गर्नुपर्छ, भौतिक सरसामग्रीले दिएको सुविधाले मात्रै समाज स्वस्थ हुन सक्दैन भनेर हामी चिच्याइरहेको ७ दशक हुन लाग्यो, सुनेन कसैले ।

कृषि मन्त्रालयले गतवर्षमा नाममात्रको धान उत्पादन वृद्धि देखाउँदै गर्दा विश्वव्यापी भोकमरी सूचकांकमा नेपाल केही सुधार भएको प्रक्षेपण गरेको थियो । ग्लोबल हंगर इन्डेक्स भनौं जीएचआई कन्सर्न वर्ल्ड वाइड र वेल्ट हंगर डिल्फेद्वारा संयुक्तरुपमा प्रकाशित प्रतिवेदनमा यस्तो सुधार देखाइएको थियो । जीएचआईले विश्वका १२१ देशको अध्ययन गर्दै सन् २०१४ मा नेपालले पाएको अंक २१.२ मा सन् २०२२ मा १९.२ अंक पाएको आधारमा नेपाल ८१ औं स्थानमा देखिएर मध्यम सूचीमा पर्न सफल भएको भनिएको थियो ।

यसमा अध्ययन गर्दा मूल विषयवस्तु भने कुपोषण, पुड्कोपना, ख्याउटेपना र बालमृत्यु दरलाई भोकमरी सूचकांकको रुपमा हेरिएको र समग्रमा हेर्दा यसमा केही सुधार देखिए पनि देशमा असमानता भने उस्तै रहेको प्रतिवेदनमा उल्लेख गरिएको थियो । खासगरी प्रदेशस्तरमा हेर्दा कर्णाली प्रदेशमा बालबालिकाको पुड्कोपना बढी देखाइएको भनौं ४७.८ प्रतिशत र सुदूरपश्चिममा ४०.९ रहेको थियो । गण्डकी प्रदेशमा २२.६ प्रतिशत र वाग्मती प्रदेशमा २२.६ प्रतिशत, अर्थात् भौगोलिक विसमता कायमै देखियो, संघीयता सन्तुलनका लागि आएको तर संघीयताले नेतालाई रोजगारी बढायो, जनतालाई बेरोजगार, सन्तुलन त परको कुरो भयो, देशै विसम छ ।

देशमा खाद्य सुरक्षाको प्रक्रिया नै कमजोर छ, उद्देश्य असफल छ, यसले दिगो र समावेशी विकासको लक्ष्य प्राप्ति गर्न कठिन छ । भोकमरी न्यूनीकरण अभियान अधुरो छ । महिला सहभागितामा कमी भएको त पछिल्लो संघीय निर्वाचनले देखाइसकेको छ ।

देशैभरि बाँझो जमिन बढेको छ । किसानी हातहरु खाडीमा पोखिएका छन् । समावेशितामा वृद्धि हुन सकेको छैन । कृषिकार्य सिंचाइ र प्रविधिमैत्री छैन । सिजनमा रासायनिक मलको अभाव छ । मानिसहरुको बसाइ सराइ तीव्र छ । स्थानीय सरकारहरु केवल कर संकलनमा व्यस्त छन् भने वडा अध्यक्षहरुको डोजर खेतबारीमा कुदिरहेको अवस्था छ ।

उर्बर जमिन प्लटिङमा रहनु, असारे विकासले प्रश्रय पाई खेतबारीमा सडक पिच हुनुले हामी भविष्यमा थप भोकमरीमा पर्ने निश्चित छ । अरुले देलान् र खाउँला भन्दै बस्दा खाद्यान्नको असुरक्षित अवस्थालाई नेतृत्वले के आँकलन गर्छ, राज्यको दीर्घकालीन सोच के हुने ? केवल सत्ता भागवण्डामा देश दुखित भइरहनु भनेको भोकमरीको समाधान पक्कै होइन । भूमिहीन नागरिकलाई बास बा जग्गाको उपलब्धता, भएको जमिनबाट बढी अनाजको उत्पादन गर्न नीतिगत सुधारको आवश्यकता छ । केन्द्रीकृत प्रणालीलाई सुधार गर्दे स्थानीय गाउँ-बस्ती सुधारको अभियान चलाइनुपर्छ । राजनीतकर्मीहरु एम्बेसी होइन, गामबेसी धाउनुपर्ने हो । संघीयतासँगै गाउँमा सिंहदरबार गएको भनियो तर सिंहमात्रै ठूलो पेट लिएर गाउँ गयो, दरबार बूढानीलकण्ठ, खुमल्टार, बालकोटतिरै रह्यो, कृषिकर्मीहरु पनि त्यतैका आसेपासे भइदिए ।

खाद्य दिवस मनाइरहँदा नारा भने उत्पादन, पोषण र वातावरणमा सुधार सुखी जीवनको आधार भनिन्छ, धान दिवस मनाउँदा असारमा त्यस्तै मीठा नारा आउँछन् । त्यसो त नेपालको संविधानले खाद्य सुरक्षालाई मौलिकरुपमा राखेको र त्यसको कार्यान्वयन गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ पनि जारी गरेको छ । दिगो विकास लक्ष्यसहित सन् २०३० सम्ममा समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली उन्मुख नेपाल बनाउन थप पहल, आवश्यकता, तीव्रता र प्रतिबद्धताको खाँचो पनि देखाइएको छ ।

दिगो विकासको लक्ष्य नै भोकमरीको अन्त्य हो, खाद्य पोषणको सुरक्षा हो, दिगो कृषि प्रणाली हो, विश्वका सदस्य राष्ट्रबीच नेपालले आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ, यसमा । चालू १५ औं योजनाले विशेषत: कृषिक्षेत्र सुधारका लागि, विकासका लागि खाद्य तथा पोषण सुरक्षाका लागि दिगो विकास, प्रतिस्पर्धी अर्थतन्त्रको लक्ष्य लिएको हो । यसै महिनादेखि यो योजनाले बाइबाई गर्दै छ । कृषिको आधुनिकीकरण, कषिक्षेत्रमा यान्त्रिकीकरण, कृषिवस्तु ढुवानीमा कृषि एम्बुलेन्स, कृषि कर्जामा सरलीकरण, घर दैलोमै कर्जाको पहुँच र अनुदानको कार्यक्रम सञ्चालन गरिने पनि भनियो । तर भनाइ र प्राप्तिमा अन्तर ठूलो छ । पर्नौं चालू योजनाले कृषिक्षेत्रको लक्ष्य ५.४ प्रतिशतको वृद्धि भनिर हँदा प्रगति उत्साहप्रद छैन । जीडीपीमा कृषिक्षेत्रको योगदान घट्दै छ । यसको अर्थ आर्थिक असमानता बढ्दै छ । ५ वर्षमुनिका बालमृत्युदरमा कमी, सामाजिक क्षेत्रका केही सूचकांक भने राम्रो रहेको देखाइएको छ । हाम्रो परिवेशमा सेवाक्षेत्र वृद्धिको साथमा कृषिक्षेत्रकै बढी वृद्धि आवश्यक छ ।

विश्वमा भोकमरीमा परेका देश १२१ मध्ये नेपालको स्थान ८१ औं भनियो । कन्सर्न वर्ल्ड वाइड आइरिस सहायता एजेन्सी र बेल्ट हंगर हिल्प नामक जर्मन संस्थाले संयुक्तरुपमा सार्वजनिक गरेको प्रतिवेदनले पनि सोको पुष्टि गरेको हो । दक्षिण एसियामा नेपालपछि बंगलादेश ८४ औं स्थानमा, भारत १०७ औं, अफगानिस्तान १०९ औं स्थानमा देखिएका थिए । ४ वटा सूचकलाई यसमा आधार बनाइएको मध्ये कुपोषण, व्यापक बाल कुपोषण, पुड्कोपना र बालमृत्युदर थियो आधार । कुल अंक १०० भएको र १०० भन्दा तल अंक स्कोर गर्ने देश कुन स्थान भन्ने पहिचान हुने थियो । १२१ देशमा उपल्लो स्थान पाउनेमा चीन परेको र टर्की, कुवेत, बेलारुस, उरुग्वे, चिली आदि १७ देशले भने १०० अंकमा जम्माजम्मी ५ अंक मात्रै पाएका थिए, सोमालिया, सुडान थप संकटमा छन् ।

नेपालमा ठूलो मात्रामा खाद्यान्न आयात हुने गरेको छ । धान, मकै, गहुँ, कोदो, फापर, जौ उत्पादन बढेको भनिन्छ तर आयात बढेकै छ । उत्पादन भएका वस्तुमध्ये बीऊ, जर्ती, पशु आहार, भण्डारण, प्रशोधनमा हुने नोक्सानसमेत कटाउँदा ७५ लाख मेट्रिक टन उपलब्ध भएको कृषि मन्त्रालयको आँकडा छ । जनसंख्या हेर्दा वार्षिक ५८ लाख ६७ हजार खाद्यान्नको आवश्यकता हुन्छ । यो हिसाबले उत्पादनमध्ये १६ लाख ६३ हजार मेट्रिक टन खाद्यान्न बचत हुने देखिन्छ । तर देशमा करिब २१ प्रतिशत नेपाली न्यूनतम दैनिक क्यालोरीबाट वञ्चित छन् । यसबाट स्पष्ट हुन्छ या त अवैध निकासी हुन्छ सामान, या त धेरै खाद्यान्न पशुपन्छीको दानामा खपत हुन्छ, या त मदिरामा प्रयोग, भनौं गैरखाद्यान्नमा बढी खपत हुने गर्छ । सरसर्ती हेर्दा धानको उत्पादन जम्मा ५-६ लाख मेट्रिक टन मात्र अपुग देखिन्छ ।

तथ्यांकमा त नेपालमा खाद्य सुरक्षाको स्थिति राम्रै देखियो । अन्तर्राष्ट्रिय एजेन्सीहरु भारत, अफगानिस्तान, पाकिस्तानभन्दा राम्रो मान्छन् पनि नेपाललाई । तर भारतबाटै धान, चामल, गहुँको बढी आयात हुने गरेको छ, अन्य देशबाट पनि धेरै आयात हुने गरेको छ । नेपालको भोकमरी सूचकांक १९.१ रहेको छ, हेर्दा यो मध्यम श्रेणीमा नै हो । विगत वर्षमा ११६ देशको अध्ययन गर्दा नेपाल ७६ औं स्थानमा थियो, पछि १२१ देशको अध्ययन गर्दा नेपाल ८१ औं स्थानमा देखियो ।

गरिबी निवारण दिवस मनाउँदा सबैलाई व्यावहारिकरुपमा मर्यादित जीवन सुनिश्चित गर्न हामीले सामाजिक न्याय, शान्ति र पृथ्वीको संरक्षणका लागि सामूहिकरुपमा प्रतिबद्ध हुनुपर्ने भनिन्छ । गरिबीबाट मुक्त गरी देशका सबै नागरिकलाई सुरक्षित र सम्मानित जीवनयापन गराउनु राज्यको दायित्व हो ।

सन् २०३० सँगै सबै नागरिकलाई गरिबीबाट मुक्त गराउने सरकारी अभिप्राय हो तर गरिबीको रेखामुनिको जनसंख्या १८.७ प्रतिशतबाट २१ प्रतिशत माथि उक्लिएको छ र आउने १६औं योजनाले १२ प्रतिशतमा झार्ने खल्लो सपना देखेको छ । यसका लागि सार्क तथा बिम्स्टेक गरिबी निवारण कार्य योजना सञ्चालन गरेको हो । वि.सं. २०८३ नेपालको अल्प विकसित राष्ट्रको सूचीबाट मध्यम आयको राष्ट्रको सूचीमा जाने समय पनि हो । तर मध्यम आयस्तरको देशको सूचीमा रुपान्तरित हुन देशले धेरै कर्म गर्न बाँकी नै छ ।

गरिबी न्यूनीकरणका मार्गहरु सहकारी, उत्पादन र रोजगारी, गरिबी घर परिवारको पहिचान, विपन्नलाई सेवा-सुविधा थप, परिचयपत्र वितरण, भूमिहीन, दलित, गरिब र सुकुम्बासीहरुलाई राज्यको तर्फबाट जग्गा वितरण, तीन तहका सरकारको कार्य प्रणालीमा सुधार, गैरसरकारी संस्थाहरुसँगको सहकार्य, समन्वय, सामुदायिक संस्थाहरुको पहिचान र सहकार्य, दातृ निकायका बीच समन्वय, सहयोग, आय र रोजगारीको सिर्जना धेरै विषयहरु ओकलेको छ सरकारले ।

बहुआयामिक गरिबीको जनसंख्या भने वि.सं. २०८७ सम्ममा १० प्रतिशतमा झार्ने र वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा पुऱ्याउने लक्ष्य देखिन्छ । गरिबको पहिचानअन्तर्गत सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिब परिवार पहिचानमा पहिलो चरणमा देशका २६ जिल्लाका ३ लाख ९१ हजार ८३१ गरिब पहिचान, दोस्रो चरणमा २३ जिल्लामा २ लाख २३ हजार ३३० गरिब परिवारको पहिचान, तेस्रोमा परिचयपत्र वितरण गरिसक्ने र बाँकी २८ जिल्लामा पहिचान गरी परिचयपत्र वितरण गर्ने भनेको हो । तर यो कार्य पनि अधुरो छ । अब अनावश्यक राष्ट्रिय परिचयपत्र अनिवार्य भनिदै छ र आर्थिक प्रणाली नै सुक्ने गरी हरक्षेत्रमा बायोमेट्रिक भनिदै छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बजेट: कमिसन र असन्तुलनको नवउदारवादी पुँजीवादको निरन्तरता

✍ महेश्वर दाहाल

नेपाल सन् १९९० कै दशकबाट विश्व पुँजीवादी व्यवस्थाको मार्गनिर्देशनमा हिँड्न थालेको हो । त्यो भनेको आजको नवउदारवादी पुँजीवाद हो । यसले आर्थिक असमानता निकै बढाएको छ र सामाजिक सेवाहरूको कटौती गर्दै लगेको छ । नवउदारवाद नाफा वृद्धिमा केन्द्रित छ । त्यसले सामाजिक विकास र असमानताको समस्यालाई नजरअन्दाज गरिरहेको छ । मिथ्याङ्कद्वारा वृद्धिलाई विकासको रूपमा परिभाषित गर्ने छलकारी काम पुँजीवादीले गरिरहेका छन् । आफ्नो उद्देश्य पूरा गर्न प्रायोजित विज्ञको फौज नै तयार गरिएको छ ।

नेपालमा सुरुमा डा. रामशरण महतको नेतृत्वमा तयार भएको यो फौजको आतङ्कबाट वामपन्थी भनिने प्रधानमन्त्री र मन्त्रीहरू समेत आकर्षित र आतङ्कित बन्ने गरेका छन् । परिणामस्वरूप विगत ३०/३५ वर्षदेखि बजेटका प्राथमिकता र विन्यास समान प्रकारले हुने गरेका छन् । दलका नेता र प्रभावशाली मन्त्रीहरूको निर्वाचन क्षेत्रमा बजेटको ठुलो अंश थोपर्ने र आवश्यक ठाउँलाई गिज्याउने परिपाटी महतपछाडि बजेट प्रस्तुत गर्ने कसैले पनि तोड्ने साहस गरेका छैनन् ।

बजेट भनेको आय र व्ययको ठेली मात्र होइन, यो अर्थभित्रको राजनीति हो । सामान्य नागरिक र पार्टीका आमकार्यकर्ताले विदुषक नै ठाने पनि अधिकांश वामपन्थी अर्थमन्त्रीले मार्क्सवादी राजनीतिक अर्थशास्त्रको सामान्य ज्ञान पनि राख्न सकेका छन् त ? उनीहरूबाटै प्रस्तुत बजेट हेर्दा यो प्रश्न उब्जन्छ । कुरानका हर फहरू दोहोऱ्याउँदैमा पिँजडामा पालेको मैनालाई असल मुसलमान भन्न सकिँदैन । गायत्री मन्त्र सुनाउँदैमा पिँजडामा थुनिएको सुगालाई सनातनी पण्डित भन्न सकिँदैन । टुँडिखेल लगायत देशका विभिन्न चौरमा मार्क्सवाद भट्याउँदैमा कसैलाई मार्क्सवादी भन्न सकिँदैन । उसले बनाउने नीति र गर्ने व्यवहार नै उसलाई जाँच्ने कसी हो । समाजवादसँग सङ्गतिपूर्ण नीति तथा बजेट निर्माण गर्न पहिले त नवउदारवादी जञ्जालबाट बाहिर आउनुपर्छ । त्यहाँबाट बाहिरिनासाथ प्राथमिकताका नयाँ क्षितिज उघ्रन्छन् ।

आधा पेट खाने गरिब जनताबाट उठाइएको करबाट निर्मित पूर्वाधार उनीहरूको हित र प्राथमिकतामा राखिएका छैनन् । लिजको नाममा सार्वजनिक जग्गा पुँजीपति घरानालाई जिम्मा लगाउने काम भइरहेको छ । अनि त्यो जग्गासम्म पुग्ने बाटो, बिजुली, फाइबर आदि आमजनताबाट उठाइएको करद्वारा निर्माण गरिन्छ । विकासको यो तरिकासँग समाजवादको टाढाको साइनो समेत छैन ।

किसान, मजदुरका छोराछोरीले अपमान र कष्ट झेलेर पठाएको रेमिटेन्सको सहारामा वातानुकूल कक्षमा बसेर नीति निर्माण गर्नेहरूले त्यो किसान परिवारका नयाँ पिँढीलाई दक्ष, सिपालु, शिक्षित बनाउने जनशिक्षालाई कहिले प्राथमिकताको विषय ठानेनन् । छोरोछोरीको उचित प्रकारको शिक्षादीक्षा र बिरामी हुँदा स्वास्थ्यमा सुलभ पहुँच हुने हो भने नेपालका पौरखी किसानले पाँच वर्षमा नेपालको कायापलट गरिदिन सक्छन् ।

मुखले मार्क्सवाद भन्ने र व्यवहारमा पुँजीपतिको चाम्नीमा डुब्नेहरूले कृषिमा सुधार गर्ने भनेको बिरालाले दुधको रक्षा गर्ने भन्नेजस्तै हो । यो देशमा कुनै दिन मार्क्सवादी राजनीतिक अर्थशास्त्रप्रति साँच्चीकै इमानदार मान्छे नीति-निर्माण तहमा पुगे भने तिनीहरूले कृषिको होइन, किसान केन्द्रित नीति र बजेटहरू ल्याउनेछन् । माओवादीले आफ्नो चुनावी प्रतिबद्धतापत्रमा, 'समृद्ध किसान, देशको सान ! आत्मनिर्भर कृषि हाम्रो अभियान !' को नारा दिएको थियो तर त्यो चुनावी नारामा मात्र सीमित भएको छ । यस वर्ष कृषिमा कुल बजेटको ३.०८ प्रतिशत मात्रै छुट्ट्याइएको छ ।

आगामी आव (२०८१/८२) को कुल बजेट १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ बर ाबर विनियोजन गरिएकामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयतर्फ ५७ अर्ब २९ करोड रुपैयाँ बजेट छुट्ट्याइएको अर्थमन्त्रीले सार्वजनिक गरे । यो रकम चालु आवको कृषि बजेटको तुलनामा एक अर्ब ६९ करोड रुपैयाँले कम हो । चालु आवका लागि कृषितर्फको बजेट ५८ अर्ब ९८ करोड विनियोजन गरिएको थियो । सरकारले कृषिलाई प्राथमिकता दिएकै वर्ष बजेट घटाउनु नीति तथा कार्यक्रमको विपरीत र परम्परा जोगाउने उपाय मात्र हो ।

शिक्षाजस्तो महत्त्वपूर्ण क्षेत्रमा ११.२६ प्रतिशतबाट अझ घटाएर यस वर्ष १०.०९ मात्र बजेट छुट्ट्याइएको छ । त्यस्तै स्वास्थ्यमा कुल बजेटको ४.६४ प्रतिशत मात्र छुट्ट्याइएको छ । यो चालु आर्थिक वर्ष २०८०/८१ को भन्दा १.११ प्रतिशतले कम हो ।

नेपालको संविधानको प्रस्तावनामै मुलुकलाई समाजवादतर्फ लैजाने प्रतिबद्धतासहित समृद्ध नेपाल निर्माण गर्ने सङ्कल्प गरिएको छ । २०७२ सालमा संविधान निर्माण भएपछि नौवटा बजेट संसद्मा आइसकेको छ । संविधान निर्माणमा मुख्य भूमिका खेल्ने दलहरू नै सरकारमा आलोपालो विराजमान छन् । नेकपा (माओवादी केन्द्र) संविधान निर्माणपछिका करिब-करिब सबै सरकारमा कहिले आफ्नै नेतृत्वमा त कहिले अन्य दलको नेतृत्वमा प्रमुख हिस्सेदार भएर गएको छ । प्रधानमन्त्री तथा अर्थमन्त्री र योजना आयोगका उपाध्यक्ष समेतको लय मिलेको अवस्था यसपटक माओवादीलाई थियो, तर महतको निरन्तरतामा क्रमभङ्ग त होइन, थोरै सुधारको बाटोमा समेत लगिएन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नै कथनी र करणीमा विरोधाभास भयो । तीन करोडभन्दा कमका योजना सैमा नराख्ने उहाँले बताउँदै आउनुभएको थियो तर बजेट सार्वजनिक हुँदा प्रधानमन्त्रीको यो भनाइ विपरीत लाखका योजना समेत सैको बजेटमा दर्जनौं पर्नु जग हँसाइको विषय बनेको छ । एक लाखका योजना पनि सैमै पर्नु सैंयतालाई स्वीकार गर्न नसक्ने मानसिकताको उपज हो । केन्द्रीकृत मानसिकताले सैंयता बलियो हुँदैन ।

एकातिर सैले कुल बजेट धेरै खर्च गर्न नसक्ने अर्कोतिर प्रदेश र स्थानीय तहले बजेट धेरै खर्च गर्न सक्ने स्थितिमा बजेट घटाउनुले प्रदेश र स्थानीय तहको प्रभावकारितामा असर पार्ने देखिन्छ ।

सरकारको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले सैंघ सदनमा पेस गरेको आगामी वर्षको नीति तथा कार्यक्रममा आगामी वर्णदेखि बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण थाल्ने घोषणा गरिएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि पटकपटक सार्वजनिक मञ्चमा यो आयोजनालाई यसै वर्ष अगाडि बढाउने प्रतिबद्धता गर्दै आउनुभएको थियो । नीति तथा कार्यक्रम र प्रधानमन्त्रीको प्रतिबद्धता विपरीत बुढीगण्डकी आयोजनामा बजेट नपार्नु पनि अर्को रहस्य बनेको छ ।

१२०० मेगावाटको बुढीगण्डकी आयोजना प्रधानमन्त्री निर्वाचित भएको जिल्ला गोरखा र धादिङका जनताले बारम्बार माग गर्दै आएको योजना हो । त्यसो त आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान गर्ने गेमचेन्जर आयोजना हो बुढीगण्डकी । विभिन्न शक्ति केन्द्रको दबाब र प्रभावले यसलाई धरापमा पारिएको त होइन भनेर चर्चा समेत चलिरहेको छ ।

यो बजेटले संविधानमा उल्लेख भएको समाजवाद उन्मुख अर्थतन्त्रको भावलाई पक्रन सकेको छैन । निर्वाचनका बेला आफूले जारी गरेको घोषणापत्रलाई माओवादी केन्द्रले नजर अन्दाज गरेकै छ । त्यस्तै माओवादी, नेकपा (एमाले), रास्वपा, एकीकृत समाजवादी लगायत दलबिच गठबन्धन बन्दा गरिएको सहमति, नीति तथा कार्यक्रम र प्रि-बजेट छलफलमा सांसदले दिएका सुझाव सबै-सबैको विपरीत बजेट आएको छ ।

संसद्को अङ्क गणितले बजेट पास हुन्छ नै, तर परिवर्तनको पक्षमा रहिरहेको माओवादी पार्टी पङ्क्ति, माओवादी पार्टीप्रति आशा र भरोसा गर्ने जनताले यो बजेटलाई अपनत्व महसुस गर्न सक्दैनन् । त्यति मात्र होइन, यो बजेटले संघीयतालाई पनि समर्थन गर्दैन । यस बजेटका बुँदाहरूलाई केलाउँदा यो पुष्टि हुन्छ कि सैद्धान्तिक एवं व्यावहारिक तवरले नै यो बजेट जनविरोधी र कमिसनतन्त्रलाई बढावा दिने खालको छ । बजेटलाई सैदेखि कतिपय प्रदेशमा समेत कमिसनको सेटिङमा लगिएको भन्दै सर्वत्र आलोचना भइरहेको छ । पुल, सडक निर्माणका लागि पहिला पहिला लगिएका बजेट सही सदुपयोग नहुनुको पछाडिका कारण यसैलाई मानिएको छ ।


व्यक्तिका इच्छा र कामना एकातिर होलान्, तर यहाँ अपनाइएको नवउदारवादी पुँजीवादले पुऱ्याउने भनेको कमिसनको भुमरीमै हो । 'पेस्कीमा कमिसन बुझाऊ र चाहे अनुसार को बजेट लैजाऊ' भन्ने नीतिको वास्तविक कार्यान्वयनकर्ता बनेको छ सरकार ।

शासनमा भएका ठुला मान्छे र धरातलमा रहेका तिनका कारिन्दाले रकम कुम्ल्याउने गरी विकासका शीर्षक छर्ने परम्परा यसपटक पनि राम्ररी निर्वाह गरिएको छ । आलोपालो प्रभावी बन्दै जनता ढाँट्ने यस्तो खेलविरुद्ध निर्णायक संघर्ष आवश्यक भइसकेको छ ।

*(साभार: रातोपाटी)*

# ६ महानगरको बजेट ५४ अर्ब, प्राथमिकतामा सेवा र पूर्वाधार

काठमाडौं/मुलकका सबै ६ महानगरपालिकाले सोमबार आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट सार्वजनिक गरेका छन् । महानगर पालिकाहरूले ल्याएको बजेटमा सार्वजनिक सेवा र सहरी पूर्वाधारमा जोड दिइएको छ । महानगरहरूले रोजगारी सिर्जना, सहरी सरसफाइ र फोहोर व्यवस्थापनलाई पनि उत्तिकै प्राथमिकता दिएका छन् ।




६ महानगरमध्ये काठमाडौंले सबैभन्दा ठूलो बजेट २५ अर्ब ७० करोड बराबर ल्याएको छ भने सबैभन्दा सानो बजेट मधेश प्रदेशको वीरगञ्ज महानगरले २ अर्ब ८९ करोडको ल्याएको छ । सबै महानगरको गरी कुल ५३ अर्ब ६४ करोड ९ लाख बराबरको बजेट छ ।

संघीय राजधानी समेत रहेको काठमाडौं महनगरले आगामी आवका लागि २५ अर्ब ७० करोड ६३ लाखको बजेट ल्याएको छ । महानगर उपप्रमुख सुनिता डंगोलले बजेट प्रस्तत गरेको बजेटमा महानगरको सञ्चित कोषमा २४ अर्ब २० करोड ६३ लाख जम्मा हुने र जग्गा एकीकरणबाट १ अर्ब ५० करोड आम्दानी हुने लक्ष्य राखेको बताइन् ।

महानगरले आगामी आवको स्रोतका लागि स्थानीय सञ्चित कोषमा आर्थिक विकासमा १९ करोड ९ लाख खर्च हुने गरी विनियोजन भएको छ । यस्तै कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा ३ अर्ब ४९ करोड ४५ लाख विनियोजन भएको छ ।

पूर्वाधार विकासमा १४ अर्ब ८१ करोड, सामाजिक विकासतर्फ ३ अर्ब ८१ करोड, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि १ अर्ब ८९ करोड विनियोजन भएको छ । महानगरले आन्तरिक स्रोतबाट १९ अर्ब १५ करोड ६६ लाख उठाउने लक्ष्य राखेको छ । यस्तै राजस्वका स्रोतहरूमा महानगरले ससर्त अनुदान संघबाट १ अर्ब ४५ करोड र प्रदेश सरकारबाट ४ करोड ४७ लाख स्रोत अनुमान गरेको छ ।

संघीय राजस्व बाँटफाँटबाट १ अर्ब ९९ करोड प्रदेशको राजस्व बाँटफाँट ५५ करोड राजस्व अनुमान महानगरले गरेको छ । स्थानीय राजस्व बाँटफाँटबाट १० करोड अनुमान गरेको छ । समानीकरण अनुदानतर्फ संघबाट ८० र प्रदेशबाट १० करोड अनुमान गरेको छ ।

### ढलरहित नदीनाला गौरवको योजना, स्वरोजगारमा जोड

आगामी आवका लागि महानगरको गौरवको योजना अन्तर्गत 'ढलरहित नदीनाला' लाई थप गरेको छ । ३ अर्ब ८० करोडको बजेट प्रस्ताव गरेको योजनामा महानगरले ठूलो लगानी गर्ने देखिएको छ । त्यस्तै 'कपडा बैंक', 'थेमाटिक स्कुल', 'पोखरी मर्मत तथा संरक्षण', 'फोहरबाट मल' र 'महानगर होमस्टे' जस्ता स्वर्णिम योजनाहरू बजेटमा आएका छन् ।

काठमाडौंले आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने, समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा महानगरका आर्थिक गतिविधि मार्फत योगदान गर्ने विषयलाई प्राथमिकता दिएको छ । यस्तै भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना, स्वदेशमै सिप तथा तालिम दिई स्वरोजगार बनाउने, खाद्य गुणस्तरलाई उच्च प्राथमिकता दिने महानगरको प्राथमिकता छ ।

### ललितपुरको जोड सुशासन र दिगो विकासमा

ललितपुर महानगर पालिकाले ७ अर्ब ४६ करोडको बजेट ल्याएको छ । उपप्रमुख मञ्जली शाक्यले प्रस्तुत गरेको बजेटमा चालु खर्चतर्फ २ अर्ब ७८ करोड ८९ लाख ६९ हजार र पूँजीगत खर्चतर्फ ४ अर्ब ६७ करोड ९४ लाख २३ हजार विनियोजन गरिएको छ ।

ललितपुरले चालु आवका लागि ६ अर्ब ५० करोड ५ लाख ८८ हजार ल्याएकोमा आगामी आवका लागि १५ प्रतिशतले बढाएर ल्याएको हो । चालु आवका लागि २ अर्ब ४९ करोड ८४ लाख ४२ हजार विनियोजन भएकोमा आगामी वर्ष सामाजिक सुरक्षा भत्ताबापत थप १५ करोड अन्य प्रशासनिक खर्च तर्फका पारिश्रमिक लगायत अनिवार्य दायित्वका रूपमा रहेको खर्चमा हुने वृद्धिका आधारमा चालु खर्चतर्फ गत वर्षको तुलनामा करिव २९ करोड बढ्ने प्रक्षेपण गरिएको छ। अर्थात्, यो रकम चालु वर्षको तुलनामा ११ प्रतिशत बढी हो।

ललितपुरले ल्याएको बजेटको प्राथमिकतामा सुशासन, दिगो पूर्वाधार तथा सहरी विकास परेको छ । यस्तै कला, संस्कृति, सम्पदा संरक्षण र सम्बर्द्धनमा पनि महानगरले जोड दिएको छ । रोजगारमूलक शिक्षा, वातावरण संरक्षण, उद्यम-व्यवसाय प्रवर्द्धनमा महानगरको जोड रहेको बजेटमा उल्लेख छ । रोजगार प्रवर्द्धन, प्रविधियुक्त एवम् नागरिक मैत्री र जवाफदेही सेवा प्रवाहमा महानगरको जोड छ ।

### निरन्तर घटेको वीरगञ्जको प्राथमिकता सामाजिक क्षेत्र

देशको आर्थिक नगरीका रूपमा रहेको मधेश प्रदेशको वीरगञ्ज महानगरपालिकाको भने बजेट निरन्तर घटिरहेको छ । चालु आव २०८०/८१ का लागि ३ अर्ब २१ करोड ३५ लाख ४४ हजार रुपैयाँको बजेट ल्याएको वीरगञ्जले आगामी आवका लागि २ अर्ब ८९ करोड ४८ लाख १७ हजार विनियोजन गरेको छ ।

कुल विनियोजनमध्ये चालु खर्चतर्फ २ अर्ब ४ करोड ६६ लाख ९ हजार अर्थात् ७०.७ प्रतिशत र पूँजीगततर्फ ८१ करोड १८ लाख ८ हजार अर्थात् २८.१ प्रतिशत छ । वीरगञ्जले शिक्षा एवम् स्वास्थ्य, सरसफाइ व्यवस्थापन, वातावरण संरक्षणलाई प्राथमिकता दिएको छ । यस्तै पर्यटन, कृषि, भौतिक पूर्वाधार र डिजिटल मैत्री सेवामा जोड दिएको छ ।

### भरतपुरको बजेट उत्पादन वृद्धिमा

भरतपुर महानगर पालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ६ अर्ब ५५ करोड ८५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । महानगर पालिका उपमेयर चित्रसेन अधिकारीले १५औं नगर अधिवेशनमा सोमबार बजेट पेस गरेका हुन् । महानगरले चालु आवका लागि ६ अर्ब ४८ करोड ७९ लाखको बजेट ल्याएको थियो । आगामी बजेटमा महानगरले आन्तरिक आय १ अर्ब ८० करोड, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट २ अर्ब ४ करोड ६३ लाख, संघको राजस्व बाँडफाँटबाट ३२ करोड ४७ लाख, बागमती प्रदेश सरकारको राजस्व बाँडफाँटबाट २५ करोड ७५ लाख प्राप्त हुने बताएको छ ।

जनसहभागिता र श्रमदानबाट ५० करोड, बैक मौज्दात १ अर्ब ६० करोड र सडक बोर्ड नेपालबाट ३ करोड आय हुने बजेटले प्रक्षेपण गरेको छ । महानगरले आगामी आवको बजेटमा उत्पादन वृद्धिमार्फत आत्मनिर्भर महानगर पालिका, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा नगरवासीको पहुँच वृद्धि, उत्पादनमूलक रोजगारी सिर्जना, दिगो र वातावरणमैत्री पूर्वाधारलाई प्राथमिकतामा राखेको छ ।

पर्यटकीय केन्द्र दियालो बंगलाको पूर्वाधार निर्माणका लागि १ करोड, महानगरभित्रका सडकका खाल्डा नियमित मर्मत गर्न ५ करोड ७५ लाख विनियोजन गरिएको छ । महानगरले वैदेशिक रोजगारबाट फर्केकालाई कृषि पेसातर्फ आकर्षित गर्न व्यावसायिक खेतीका लागि कृषि उपकरण खरिदमा अनुदान, कृषि तथा पशु बीमा कार्यक्रमलाई निरन्तरता, कृषकको क्षमता अभिवृद्धि गर्ने तथा प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन लगायत कृषि सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न ६ करोड विनियोजन गरेको छ ।

दूध उत्पादनमा दिइँदै आएको उत्पादनमा आधारित प्रतिलिटर ३ रुपैयाँ अनुदान कार्यक्रम निरन्तरता दिँदै मत्स्य फर्महरूमा प्रयोग हुने विद्युत् महसुलमा ५० प्रतिशत अनुदान यथावत राखेको छ । शिक्षातर्फ व्यावहारिक शुक्रबार कार्यक्रम सञ्चालन, विद्यार्थीसँग नगर प्रमुख कार्यक्रम, विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङरोगनका लागि महानगरले बजेट व्यवस्थापन गरेको छ ।

फोहोरमैलाको दीर्घकालीन समाधानका लागि ल्यान्डफिल साइट निर्माण गर्न आवश्यक जग्गा व्यवस्थापन गर्न ५ करोड बजेट विनियोजन गरिएको छ । त्यस्तै गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको अधुरो काम पूरा गर्न संघीय सरकार, बागमती प्रदेश सरकारसँग साझेदारी र सहकार्य गर्दै पूर्वाधारका काम थप अगाडि बढाउन ४ करोड ३० लाख विनियोजन गरिएको छ ।

महानगरवासीलाई सुरक्षाको प्रत्याभूति दिलाउन भन्दै महत्त्वपूर्ण स्थानमा सीसी क्यामेरा जडान कार्यका लागि ८ करोड बजेट विनियोजन गरेको छ ।

नयाँ बन्दै गरेको प्रशासकीय भवन निर्माण र इन्टेरियरका लागि ५ करोड बजेट विनियोजन गरिएको छ । हरियाली महानगरपालिका कार्यक्रमका लागि आफ्नै नर्सरी स्थापना गरी सञ्चालन गर्न १ करोड बजेट छुट्याइएको छ ।

### विराटनगरले ल्यायो २ करोड माथिका योजना छनोट गरिएको बजेट

विरानटगर महानगर पालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गरेको छ । विराटनगरले वडाहरूलाई २ करोडभन्दा माथिका योजना छनोट गरी बजेट विनियोजन गरेको छ । महानगरपालिकाले आगामी आवमा जनसंख्या र क्षेत्रफलका आधारमा वडालाई न्यूनतम २ करोडदेखि अधिकतम २ करोड ६४ लाख बजेट उपलब्ध गराउने भएको छ ।

१९ वटा वडा रहेको महानगरले आगामी आवका लागि ३ अर्ब ४९ करोड ९८ लाख रुपैयाँको बजेट ल्याएको हो । महानगरले ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई घरदैलोमा पुगेर नि:शुल्क स्वास्थ्य परीक्षण सेवा दिने नीति लिएको छ । यसअघि ८० वर्षका ज्येष्ठ नागरिकलाई मात्रै घर दैलोमा स्वास्थ्य जाँच गरिरहेको थियो । महानगरले मोतियाबिन्दु मुक्त महानगर बनाउने अभियान पनि सञ्चालन गरेको छ ।

महानगरले आगामी आवका लागि हरेक शुक्रबार पुस्तकरहित दिनका रूपमा मनाउन 'खेल्दै सिक्दै कार्यक्रम' सञ्चालन गर्ने भएको छ । शैक्षिक विकासतर्फ महानगरले 'प्रदेश राजधानी साझा सहर, गुणस्तरीय शिक्षाको हब विराटनगर' अभियान सुरु गरेको छ । यसका लागि भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने महानगरले जनाएको छ ।

महानगरले 'स्कुलभित्र सबै नानी, धारो खोल्दा शुद्ध पानी' को नारासहित सामुदायिक विद्यालयमा फिल्टर प्लान्टसहित शुद्ध पिउने पानीको व्यवस्थापन गर्ने नीति लिएको छ । विराटनगरले 'मेयर इन्जिनियरिङ छात्रवृत्ति कार्यक्रम' अन्तर्गत महानगर बहुप्राविधिक शिक्षालयमा २५ जना लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्तिमा डिप्लोमा तहको प्राविधिक विषय पढाउने भएको छ । 'उपमेयर किशोरी आत्मरक्षा कार्यक्रम' सञ्चालन गर्ने नीति लिएको महानगरले विद्यालयलाई खेलाडी उत्पादन गर्ने कारखानाका रूपमा विकास गर्ने नीति बनाएको छ ।

बजेटमा नगरबस सञ्चालन, स्मार्ट सिटी निर्माण, अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण र फोहोरमैला व्यवस्थापनको काम अघि बढाउने जनाइएको छ ।

सडकमा ट्राफिक लाइट जडान गर्ने, प्रादेशिक बसपार्क, रिङरोड निर्माण, बाइपास सडक निर्माणका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने महानगरको बजेटमा उल्लेख छ । सडक सुरक्षाका लागि महानगरले रिङरोड कोसी राजमार्ग र बाइपास सडक बाहेक अन्य सडकमा ठूला सवारीसाधनबाट हुने ढुवानी रोक्ने बताएको छ भने भौतिक संरचना मर्मत सम्भारका लागि मोबाइल इन्फ्रास्ट्रक्चर एम्बुलेन्स सञ्चालन गर्ने योजना ल्याएको छ ।

### पोखराको बजेट ७ अर्ब ५१ करोड

पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ७ अर्ब ५१ करोड ३२ लाख ८३ हजार रुपैयाँको बजेट ल्याएको छ । सोमबार १५औं नगर सभामा उपमेयर मञ्जुदेवी गुरुङले बजेट सार्वजनिक गरिन् । चालु आवभन्दा बजेटको आकार ३६ करोड १७ लाख ८३ हजारले बढेको छ । चालु आवका लागि पोखराले ७ अर्ब १५ करोड रूपैयाँको बजेट ल्याएको थियो ।

आगामी वर्ष बजेटको स्रोतमा संघीय सरकारबाट अनुदान ४ अर्ब २० करोड २२ लाख १ हजार, प्रदेश सरकारबाट अनुदान ९ करोड ६३ लाख ८१ हजार, आन्तरिक आयबाट १ अर्ब ५५ करोड ५१ लाख ४० हजार प्राप्त हुने अनुमान छ । संघीय राजस्व बाँडफाँटबाट ३८ करोड ३३ लाख ७५ हजार, प्रदेश राजस्व बाँडफाँटबाट ९ करोड ७२ लाख २० हजार, स्थानीय राजस्व बाँडफाँटबाट १ अर्ब १२ करोड ८६ लाख ६१ हजार र रोयल्टी बाँडफाँटबाट ५४ लाख २४ हजार बेहोरिने उपमेयर गुरुङले नगर सभामा जानकारी दिइन् ।

नगर विकास कोषबाट ४ करोड ४८ लाख ८० हजार ऋण लिने बजेट वक्तव्यमा उल्लेख छ । पोखराले कृषि क्षेत्रका लागि ४ करोड ५ लाख विनियोजन गरेको छ । शिक्षा, खेलकुद तथा युवा र प्रज्ञा प्रतिष्ठानका कार्यक्रम सञ्चालनमा १ अर्ब ६५ करोड, स्वास्थ्यका कार्यक्रमलाई ३५ करोड, सामाजिक विकासमा ६ करोड, पर्यटन तथा सहरी विकास कार्यक्रम सञ्चालनमा ५६ करोड विनियोजन गरेको छ ।

एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने सहरी उत्थानशीलता तथा जीविकोपार्जन सुधार आयोजनका लागि २६ करोड १६ लाख विनियोजन भएको छ ।

पूर्वाधारतर्फ विश्व बैंकको सहयोगमा सञ्चालित तालचोकदेखि बेगनास, सिसुवादेखि सिसाघाट र बिरौटा दोबिल्ला हुँदै बाघमारा कोत्रे सडकका लागि १ अर्ब ६५ करोड, बीपीमार्ग सडक स्तरोन्नतिमा ८ करोड विनियोजन भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'दान्भी' हेरेपछि पूजाको तारिफमा पुष्प भन्छन्, 'अर्की हिम्मतवाली'



काठमाडौं/'लभर गर्ल'को छवि बनाएकी अभिनेत्री पूजा शर्माले पहिलोपटक एक्सन भूमिकामा काम गरेको फिल्म 'दान्भी'ले अपेक्षाकृत व्यापार गर्न सकेको छैन । यद्यपि, प्रदर्शनको दुई दिन (शुक्रबार र शनिबार) पूजाको स्टारडमको फाइदा भने फिल्मको व्यापारमा देखियो । केही हलमा उनका प्रशंसकहरुको उल्लेख्य उपस्थिति थियो । तर, आइतबारबाट फिल्मको व्यापारमा भारी गिरावट आएको छ ।

तथापि, पूजाले एक्सनमा भने तारिफ पाइरहेकी छन् । आइतबार काठमाडौंमा आयोजित विशेष शोमा सेलिब्रेटीहरुले समेत उनको एक्सनको प्रशंसा गरे । अभिनेता पुष्प खड्काले पूजालाई 'अर्की हिम्मतवाली'को संज्ञा दिए । उनले भने, 'यसको बलियो पक्ष भनेको नै एक्सन हो । रेखा थापा दिदीपछि एक्सनमा यति मज्जाले जमेको पूजा नै हो । उसको 'एग्रेसिभ लुक' एकदमै राम्रो देखिएको छ ।'

निर्देशक तथा अभिनेता दिनेश डिसीले त अहिलेसम्मका नायिकहरुमध्ये सबैभन्दा फिट एक्सन 'दान्भी'मा देख्न सकिने ठोकुवा गरे । 'पूजाको जीउका कारणले नायिकाहरुमध्ये फिट एक्सन गरेको यही फिल्ममा देखिन्छ,' उनले भने, 'अगाडिका नायिकाहरुले पनि एक्सन गर्नुभएको छ । तर, जीउको स्ट्रक्चर अनुसार उहाँहरुले गरेको एक्सन हामीले नराम्रो त भनेनौं तर नराम्रो नै लागेको थियो ।'

अभिनेता मलिका महत भने पूजाको एक्सनबाट प्रभावित भएकी छन् । आफूलाई पनि यसैगरी फिल्ममा एक्सन गर्ने इच्छा पलाएको उनी बताउँछिन् । 'फिल्ममा पूजा दिदीको एकदमै मिहिनेत देखिएको छ । फिल्म हेरेपछि सबैलाई उहाँले जस्तै गर्न पाए हुन्थ्यो भन्ने लाग्छ नै । मलाई पनि यसरी एक्सन गर्न पाए हुन्थ्यो भन्ने भएको छ,' उनले भनिन् । फिल्म पूर्ण प्याकेजको रहेको उनको दाबी छ ।

निर्देशक शोभित बस्नेतले भने 'दान्भी' तीनपटक हेरिसकेका छन् । फिल्ममा केही चीज भएकाले नै आफूले तेहेऱ्याएर हेरेको उनको भनाई छ । उनी पूजाको एक्सनबाट भने 'सरप्राइज' भएका छन् । 'पूजालाई 'सलुट' नै गर्न मन लाग्यो । मलाई उसले यो हिसाबमा एक्सन गर्ला जस्तो लागेको थिएन । एक्सन मनपराउने दर्शकहरुले अवश्य 'दान्भी' हेर्नुहोला । फिल्म एकदमै राम्रो छ,' उनले भने ।

फिल्मकर्मीहरुको प्रतिक्रियाबाट हर्षित देखिएकी पूजा आफ्नो कामबाट सन्तुष्ट रहेको बताउँछिन् । 'एक्सनमा यो मेरो पहिलो प्रयास थियो । र, दर्शकहरुले जसरी मनपराइदिनु भएको छ, त्यसले हामीले गरेको काम सफल भएको अनुभूति गरेको छु,' उनी भन्छिन्, 'मलाई एक्सनमा दर्शकले रुचाउनुहुन्छ कि हुन्न भन्ने डर थियो । यसमा राम्रो प्रतिक्रिया मिलेकाले अब एक्सन फिल्म निरन्तर गर्छु ।'

*(स्रोत: फिल्मीखबर)*

# 'ईश्वर' गीत: पृथ्वी र अनुलाई सँगै जिउने चाह



काठमाडौं/आगामी साउन ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ईश्वर'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'आहा भो' बोलको प्रेमिल भावको गीतमा कृष्ण काफ्ले र गीता पाण्डेको युगल गायन छ भने भीष्मराज फूलराको शब्द रचना तथा अर्जुन पोखरेलको संगीत रहेको छ । गीतको भिडियोमा भने फिल्मका मुख्य अभिनेता पृथ्वीराज प्रसाईं र अभिनेत्री अनु शाहबीचको प्रेमलाई दर्शाइएको छ ।

राजु गिरीको निर्देशनमा तयार भएको फिल्ममा पृथ्वी र अनुसहित सुनिल थापा, शिशिर वाङ्देल, माओत्से गुरुङ, ुव थापा, रविन्द्र झा, बुद्धि तामाङ, कृष्टि गुरुङ, सबिन बास्तोला आदिको अभिनय छ । दिव्या कंगना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता हरिबहादुर थापा हुन् । लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा बनेको फिल्मले अन्तरजातीय प्रेममा आउने अवरोधको कथा भन्छ ।

निर्देशक गिरी स्वयंको कथा र भोजराज देवकोटाको पटकथा तथा संवाद लेखन रहेको फिल्ममा रामेश्वर हुँमागाईको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी तथा अर्जुन पोखरेल, राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत छ । यो फिल्मबाट अनुले पाँच वर्षपछि कमब्याक गरेकी हुन् । उनको पछिल्लो प्रदर्शित फिल्म 'पसिना' हो ।

# 'बलिदान'का लागि साउथबाट झिकाइयो छायाँकारदेखि द्वन्द्व निर्देशकसम्म



काठमाडौं/निर्माता तथा निर्देशक सन्तोष सेनको महत्त्वाकांक्षी प्रोजेक्ट 'बलिदान'का लागि साउथ फिल्मबाट द्वन्द्व निर्देशकदेखि छायाँकारसम्म झिकाइएको छ । छायाँकार शरण ऋषि तथा द्वन्द्व निर्देशक स्टन्डर सामसहित करिब ५०/६० जना भारतीय टिमले फिल्ममा काम गर्ने निर्माता सेनले जानकारी दिए । उनीहरुमध्ये ऋषि र सामसहितको टिम भने नेपाल आएर फिल्मको तयारीमा जुटिसकेको छ ।

ऋषिले गत जेट अन्तिममा आएको नेपाली फिल्म 'बाटो : रोड टु डेथ' समेत खिचेका थिए । साउथ सुपरस्टार रजनीकान्त अभिनीत फिल्म 'पेट्टा' र सुपरस्टार चिरञ्जीवीको 'आचार्य'को छायाङ्कन टिममा रहेर समेत उनले काम गरेका छन् । द्वन्द्व निर्देशक सामसँग भने राणा दगुबत्तीको 'हात्ती मेरे साथी', चियान विक्रम अभिनीत 'थङ्गलम' लगायतका साउथ फिल्महरुमा काम गरेको अनुभव छ ।

'बलिदान'को छायांकनमा प्रयोग गरिने लाइट, साउन्ड, क्यामेरा जस्ता प्राविधिक सामग्रीहरु पनि भारतबाट झिकाइने निर्माता सेनले बताए । उनले भने, 'फिल्मलाई उच्चस्तरीय बनाउन कुनै कसर छाड्ने छैनौं । यसको लागि हामीले दक्षिण भारतबाट प्राविधिक र मुम्बईबाट इक्विपमेन्टहरु ल्याउँदैछौं ।'

फिल्मको छायांकनका लागि इटहरीस्थित बिएमसी स्टुडियोमा 'सेट' नै तयार पारिएको छ ।

निर्माता सेन स्वयंको निर्देशन रहने फिल्मको मुख्य भूमिकामा अभिनेता विराज भट्टका छोरा (समीर)ले अभिनय गर्दैछन् । उनीसँगै सौगात मल्ल, अर्पण थापा, दिव्य देव र ऋचा शर्माको पनि अभिनय रहनेछ । आसुसेन फिल्मस् तथा सन्तोष सेनको प्रस्तुति रहने फिल्मको निर्मातामा पवन ब्राडफोर्ड बिस्ट छन् भने सह-निर्मातामा प्रेम पुरी रहेका छन् । फिल्म एक्सन प्रधान हुने जनाइएको छ ।

# निजी क्षेत्रमाथि वित्तीय क्षेत्रको ऋण ६० खर्ब

काठमाडौं/निजी क्षेत्रले वित्तीय क्षेत्रबाट लिएको कुल कर्जा करिब ६० खर्ब रुपैयाँ बराबर पुगेको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था र गैरबैंकिङ वित्तीय संस्थाको एकीकृत वासलातका आधारमा तयार पारेको वित्तीय क्षेत्र सर्वेक्षण अनुसार वित्तीय क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ५९ खर्ब ६६ अर्ब पुगेको छ ।

केन्द्रीय तथ्यांक कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ उपादन (जीडीपी) ५७ खर्ब ५ अर्ब पुग्ने अनुमान गरेको छ । वित्तीय क्षेत्रको कुल दाबी जीडीपीभन्दा धेरै हो । गत असार मसान्तमा ५७ खर्ब ७८ अर्ब रहेकोमा पुस मसान्त आउँदा यस्तो दाबी ३.२ प्रतिशतले बढेको देखिन्छ ।

बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तार सुस्त देखिएकोमा गैरबैंकिङ वित्तीय संस्थाबाट समेत लगानी बढ्न नसकेको तथ्यांकले देखाएको छ । वित्तीय क्षेत्र सर्वेक्षणले बैंकिङ क्षेत्र मात्र नभई गैरबैंकिङ क्षेत्रमा पनि लगानी सुस्त रहेको देखाएको राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् ।

केन्द्रीय बैंकले चालु आवबाट सुरु गरेको वित्तीय क्षेत्र सर्वेक्षणले त्यस्तो तथ्यांक देखाएको हो । राष्ट्र बैंकले प्रकाशित गरेको चालु आव दोस्रो त्रैमाससम्मको वित्तीय क्षेत्र सर्वेक्षणले वित्तीय क्षेत्रको कुल आन्तरिक दाबी ६९ खर्ब ४३ अर्ब ९ करोड पुगेको छ । २०८० असार मसान्तमा ६८ खर्ब ४० अर्ब ६८ करोड रहेको ६ महिनामा १.५ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

बैंकहरूको कुल आन्तरिक दाबी बढ्दै जाँदा वित्तीय क्षेत्रको आन्तरिक दाबी बढ्दै गएको छ । तर, गैरबैंकिङ वित्तीय संस्थाको भने आन्तरिक दाबीसँगै निजी क्षेत्रमाथिको दाबी पनि घटेको सर्वेक्षणले देखाएको छ । वित्तीय क्षेत्रको दाबी कुल आन्तरिक दाबी जीडीपीको १२१.७ प्रतिशत पुगेको छ । वित्तीय क्षेत्रको नेपाल सरकार माथिको खुद दाबी घटे पनि निजी क्षेत्रमाथिको दाबीमा केही वृद्धि हुँदा आन्तरिक दाबी पनि केही बढेको हो । २०८० असार मसान्तमा वित्तीय क्षेत्रको नेपाल सरकार माथिको खुद दाबी १० खर्ब २५ अर्ब थियो । पुसमा आउँदा ८.३ प्रतिशतले घटेर ९ खर्ब ४० अर्बमा झरेको सर्वेक्षणले देखाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरगढीले ल्यायो ५७ करोड ९५ लाख बजेट

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि ५७ करोड ९५ लाख ८० हजार रुपैयाँको अनुमानित बजेट ल्याएको छ । सोमबार गाउँपालिकाको सभाहलमा सम्पन्न ११ औं अधिवेसनले बजेट ल्याएको हो ।

गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाखिनले आगामी वर्षको लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी थिइन् । उनले ५७ करोड ९५ लाख ८० हजार अनुमानित आयब्यय प्रस्तुत गरेकी हुन् । उनले सभामा संघीय सरकार वित्तिय समानिकरण अनुदान ९ करोड ८२ लाख, प्रदेश सरकार वित्तीय समानिकरण अनुदान ९६ लाख गरी जम्मा वित्तीय समानिकरण अनुदान १० करोड ७८ लाख प्राप्त भएको बताइन् ।




संघीय सरकार राजस्व बाँडफाँड मूल्य अभिवृद्धि कर ६ करोड ५५ लाख बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क राजश्व २ करोड ३८ लाख, खानी तथा खनिजसम्बन्धी रोयल्टी बाँडफाँडबाट ७५ लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर वापत १ करोड, बाँडफाँडबाट प्राप्त हुने सवारीसाधन कर १ करोड ८५ लाख, बाँडफाँड भई प्राप्त हुने बन रोयल्टी ११ लाख बाँडफाँड भई प्राप्त हुने, ढुंगा, गिट्टी, बालुवा, नदीजन्यपदार्थ (दहत्तर बहत्तर) राजस्व बाँडफाँडबाट प्राप्त हुने आय ३ करोड सहित जम्मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम १५ करोड ६४ लाख अनुमान गरिएको उपाध्यक्ष पाखिनले बताइन् ।

त्यसैगरी आन्तरिक आयअन्तर्गत भूमिकर/मालपोत, सम्पत्ती कर, घरबहाल कर, मनोरञ्जन कर, अन्य विक्रीबाट प्राप्त रकम, अन्य श्रोतबाट प्राप्त रोयल्टी, परीक्षाशुल्क, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, प्रशासनीक दण्ड जरिवाना, प्रदूषण शुल्क लगायतका शीर्षकबाट एक करोड ३४ लाख संकलन हुने अनुमान पालिकाको रहेको उपाध्यक्षले जानकारी दिइन् ।

संघीय सरकार सशर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि, पशु, उर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम सहित) २३ करोड ३४ लाख ७५ हजार, प्रदेश सरकार सशर्त चालु अनुदान २ करोड ३५ लाख अनुमान गरिएको छ । जस अन्तर्गत कुल सशर्त अनुदान २५ करोड ६९ लाख ७५ हजार अनुमान गरिएको छ ।

गाउँपालिकाले प्रदेश सरकार समपुरक अनुदानमा ३ करोड हुने अनुमान गरेको छ भने संघीय विशेष अनुदान ५० लाख र प्रदेश विशेष अनुदान रकम १ करोड गरी विशेष अनुदान रकम १ करोड ५० लाख रकम प्राप्त हुने अनुमान छ । गाउँपालिकाको व्ययतर्फ कुल बजेटको पुँजीगततर्फ ३० करोड ८ लाख २ हजार १९ रुपैयाँ, अर्थात (५१.९ प्रतिशत) र चालुतर्फ २७ करोड ८७ लाख ७७ हजार ९ सय ८० अर्थात (४८.१ प्रतिशत) गरी कुल व्यय ५७ करोड ९५ लाख ८० हजार १ रुपैयाँ अनुमान छ ।

गाउँपालिकाले आगामी वर्षका लागि कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चअन्तरगत ८ करोड ६५ लाख रकम विनियोजन गरेको छ । आर्थिक विकास क्षेत्रअन्तरगत कूल व्यय अनुमानको ३ करोड ८ लाख विनियोजन गरिएको छ भने पूर्वाधार विकास क्षेत्रमा १९ करोड २४ लाख ३८ हजार, संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा ५५ लाख ९४ हजार, विषय क्षेत्रगत व्यय अन्तरगत सामाजिक विकास क्षेत्रमा २५ करोड ५५ लाख ५३ हजार १ रुपैयाँ रकम विनियोजन गरेको उपाध्यक्ष पाखिनले बताइन् ।

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ८७ लाख १८ हजार रकम विनियोजन गरिएको छ । गाउँपालिकाले चालु आवमा ६२ करोड २ लाख ५६ हजारको अनुमानित बजेट ल्याइएको थियो । आगामी वर्षका लागि भने बजेट रकम घटेर ल्याएको उपाध्यक्ष पाखिनले बताइन् ।

गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाध्यक्षतामा भएको गाउँसभामा पूर्वाधार विकास समितिका संयोजक एवम् वडा २ का वडाअध्यक्ष बखानसिं पाखिनले विनियोजन विधेयक २०८१ प्रस्तुत गरेका थिए ।

आर्थिक विकास समितिका संयोजक एवम् वडा ६ का अध्यक्ष कृष्णप्रसाद बजगाईले आर्थिक विधेयक २०८१ प्रस्तुत गरेका थिए । सोही सभामा न्यायिक समितिका संयोजक एवम् उपाध्यक्ष पाखिनले न्यायिक समितिको प्रतिवेदन २०८० प्रस्तुत गरेकी थिइन् । सभामा प्रस्तुत भएका प्रतिवेदन पास गरिएको छ ।

# कैलाश गाउँपालिकाको बजेट ४८ करोड ७८ लाख




साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको कैलाश गाउँपालिकाले आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रमका लागि ४८ करोड ७८ लाख ६७ हजार ७ सय रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ ।

सोमबार पालिकामा भएको १४ औं गाउँसभामा पालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । उनले गाउँपालिकाको योजना तर्जुमा गर्दा क्षेत्रगत नीतिहरु अवलम्वन गरिएको जनाए । पालिकाले विगतमा गर्दै आएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिई थप कार्यक्रम गर्दै लैजाने नीति समेत लिएको बताए ।

पालिकाले प्रदेशतर्फको आयतर्फ ८ करोड ८६ लाख २८ हजार ७ सय अनुमान गरेको छ भने गाउँपालिकातर्फ १ करोड ८४ लाख ३ हजार र संघतर्फ ३८ करोड ८ लाख ३६ हजार अनुमान गरेको छ ।

ब्ययतर्फ आर्थिक विकास तर्फ ३ करोड २७ लाख २९ हजार, पूर्वाधार विकासतर्फ ११ करोड ४ लाख ५० हजार, शुसासन तथा अन्तरसम्बन्धित अन्तरगत ७६ लाख ५ हजार ७ सय १८, सामाजिक विकासतर्फ २२ करोड ६० लाख ९३ हजार, वातावरण तथा बिपद्तर्फ ४० लाख ५० हजार र गाउँपालिका प्रशासनिक खर्चतर्फ १० करोड ६९ लाख ४० हजार बिनियोजित गरिएको छ ।

क्षेत्रगत नीतिमा किसान सूचीकरण कार्यक्रम, मकैबाली प्रवर्द्धन, एकलमहिला लक्षित कृषिप्रवर्द्धन, माटो परीक्षण आकस्मिक रोग कीरा नियन्त्रण, च्याउखेती तालिम तथा प्रवर्द्धन गरी कृषितर्फ ९० लाख ५१ हजार बजेट विनियोजन गरिएको छ । गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम, नमुना युवा कार्यक्रम, ५० प्रतिशत अनुदानमा रिटर्निग उद्यमशीलता कार्यक्रम सहित उद्योग विकासतर्फ ३१ लाख विनियोजन गरिएको छ ।

यस्तै गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटनका लागि जिपलाइन पूर्वाधारको निर्माण, प्याराग्लाइडिङको सम्भाव्यता अध्ययनलगायत पर्यटनतर्फ ५४ लाख बजेट विनियोजन गरेको छ । युवा तथा खेलकुदतर्फ ४० लाख ५० हजार बजेट विनियोजन गरेको छ । चेली प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छ ।

पालिकाले शिक्षातर्फ संघ, प्रदेश र गाउँपालिकाको समेत गरी १५ करोड ३२ लाख ८१ हजार बजेट विनियोजन गरिएको छ । मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, नवजात शिशुको नि:शुल्क उपचारका लागि सम्रग स्वास्थ्यतर्फ गाउँपालिका, प्रदेश र संघीय सरकारको रकम सहित ३ करोड ४० लाख ५० हजार रकम विनियोजन गरिएको छ । अध्यक्षसँग विपन्न नागरिक कार्यक्रमलाई निरन्तरता दिदै ६ लाख बजेट विनियोजन गरिएको छ ।

### ६ चेली सम्मानित

मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले वार्षिक कार्यक्रम अन्तरगत ६ जना चेलीलाई नगद सहित सम्मान गरेको छ ।

प्लटु पास गरी २० वर्ष पारगरी विवाह गर्ने कैलाश गाउँपालिका निवासी ६ जना चेलीलाई सम्मान गरिएको थियो । गाउँपालिकाले नीति तथा कार्यक्रममा समेट्दै चेली प्रोत्साहन कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको हो । सम्मानित हुनेमा कैलाश-९ कि सन्चिता गोले, देवकी बर्तौला, कैलाश-१० की सर्मिला सुनार, लक्ष्मी ब्लोन, कैलाश-५ की शशिकला सिन्तान, सर्मिला बिष्ट रहेका छन् ।

गाउँपालिका अध्यक्ष मोक्तानले पालिकामा हुने बालविबाहलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनी यो कार्यक्रम ल्याइएको बताए । छोराछोरी दुबै पढ्नुपर्छ र २० वर्षपछि मात्रै विवाह गर्नुपर्छ भन्ने सन्देशका साथ यो कार्यक्रमलाई लागु गर्दै ६ जना चेली सम्मान गरी कार्यक्रमलाई निरन्तर दिइएको उनले बताए । यो कार्यक्रमले बालविवाहलाई निरुत्साहित गर्नुका साथै छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने जनचेतना फैलने अध्यक्ष मोक्तानले बताए ।

कार्यक्रममा पालिका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत विनोद रोका, दीपेन्द्र अधिकारी, महिला विकास शाखाप्रमुख रमिला सापकोटालगायत गाउँसभाका सदस्यहरुको आतिथ्यता रहेको थियो ।

# राष्ट्रिय कविता महोत्सवमा मकवानपुरे कवि न्यौपाने सर्वोत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ नेपाल प्रज्ञा-प्रतिष्ठानको ६७ औं वार्षिकोत्सवका उपलक्ष्यमा आयोजित राष्ट्रिय कविता महोत्सव-२०८१ मा मकवानपुरे कवि अनिता न्यौपाने सर्वोत्कृष्ट भएकी छिन् ।




दुई दशकदेखि मकवानपुरमा रहेर साहित्यलेखन र संरक्षणमा सक्रिय न्यौपानेको 'अचेल कहाँ हराइरहेका छन- बच्चाहरु ?' कविता सर्वोत्कृष्ट घोषित भएको हो । आइतबार प्रतिष्ठानले छनोटमा परेका २५ कवितामध्येबाट सर्वोत्कृष्ट छनोट गरेको थियो । प्रतियोगिताका लागि ६०४ वटा कविता सहभागी भएको प्रतिष्ठानले जनाएको छ । साहित्य संगम मकवानपुर र आँचल साहित्य कला पुन्जको निवर्तमान अध्यक्ष रहेकी न्यौपानेको फूलको विद्रोह कविता संग्रह प्रकाशन भइसकेको छ ।

प्रज्ञाले सर्वोत्कृष्ट कविलाई विशेष साहित्यक कार्यक्रमको आयोजना गरेर राष्ट्रपति रामचन्द्र पौडेलबाट ३० हजार नगदसहित पुरस्कार प्रदान गर्ने जनाएको छ । प्रतियोगितामा बर्दियाका कवि अग्र आवाजको कविता 'माटोकोउडान', नवलपरासीका कवि अन्जान प्रदीपको कविता 'फूलको पोस्टमार्टम', दाङका कवि छविलाल कोपिलाको थारु भाषाको कविता 'पस्नक बास', रोल्पाका कवि दिलिप बुढामगरको मगरभाषाको कविता 'मासन्सिउ छकाल्य', मोरङका कवि रुमानी कुलुङको कविता 'आमाको अनुहार', सिन्धुलीका कवि रुपक जमरा घलानको तामाङ भाषाको कविता 'बगरला दुङाल', सोलुखुम्बुका कवि रेजिना खालिङको खालिङ भाषाको कविता 'अर्दु युम प्योक', ललितपुरका कवि शर्मिला दुलालको कविता 'बग्नु एक नियति' र पाँचथरका कवि सुमन सहयात्री योङहाङको 'कविता बिर्सिजानेहरु', लाई पनि सर्वोत्कृष्ट घोषित गरिएको हो ।

कविताको मूल्यांकन समितिमा कविहरु श्रवण मुकारुङ, महेश प्रसाईं, केशव सिलवाल, अभय श्रेष्ठ र विमला तुम्खेवा रहेका थिए । प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले गरेका थिए । राष्ट्रिय कविता महोत्सवका अतिथि कविहरुमा बेञ्जु शर्मा, विप्लव ढकाल, पञ्चकुमारी परियार, अनिल पाण्डेय, अशोक अमन, असीम सागर, गोविन्द नेपाल, जयन्ता पोखरेल, प्रोल्लास सिन्धुलीय, विमल भौकाजी र मनोज न्यौपानेले कविता वाचन गरेका थिए ।

# हाजिरीजवाफमा निस्वार्थ आमा समूह प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडा-६ नं. वडा कार्यालयको आयोजना र हेटौंडा हेल्थपोष्ट चौघडाको समन्वयमा भएको हाजिरीजवाफ प्रतियोगितामा निस्वार्थ आमा समूह प्रथम भएको छ ।

प्रतियोगितामा बंशगोपाल आमा समूह द्वितीय प्रगतिशील आमा समूह तृतीय र अग्रसर आमा समूहले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । प्रतियोगितामा प्रथम हुनेले नगद ३ हजार ५ सय द्वितीय हुनेले ३ हजार तृतीय हुनेले २ हजार ५ सय र सान्त्वना हुनेले नगद २ हजार प्राप्त गरेका थिए ।

महिलालाई स्वास्थ्य सम्वन्धि जानकारी गराउने उद्देश्यले हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको स्वास्थ्यचौकी चौघडाका ईन्चार्ज टीएन ढुङ्गेलले बताए । हेटौंडा उपमहानगरउप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता एवम हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा हटौंडा-६ का वडासदस्य विजय पौडेल, लेखराज ढकाल, सरिता सापकोटा, मुना विक, वडासचिव आमोदप्रसाद मैनाली, जनस्वास्थ्य शाखाप्रमुख सूर्यप्रसाद तिवारी, बंशगोपाल माविका अध्यक्ष कृष्णप्रसाद दाहाल, बाल सहजकर्ता रुजा सुवेदी, जनकल्याण सहकारी सञ्चालक सदस्य रेखा मैनाली, समाजसेवी कृष्णप्रसाद सञ्जेल, एमालेका ईन्द्रप्रसाद खतिवडा, बाल सञ्जाल समूह अध्यक्ष जीवकुमारी पौडेल, सञ्चारकर्मी भीमसेन पौडेल लगायतको सहभागिता थियो ।

# सर्वोच्चको आदेशले अधिकृतस्तरका कर्मचारीको तलब ४ हजारसम्म बढ्ने

काठमाडौं, १० असार/ नेपाल सरकारले सहसचिव, उपसचिव र शाखा अधिकृत (अधिकृत स्तर) का कर्मचारीको तलब बढाउनुपर्ने भएको छ ।

सर्वोच्च अदालतले मर्यादाक्रमका आधारमा कर्मचारीको तलबमान निर्धारण गर्न सरकारका नाममा परमादेश जारी गरेसँगै राजत्रांकित प्रथम, द्वितीय र तृतीय श्रेणीका सरकारी कर्मचारीको तलब बढ्ने भएको हो ।

सोमबार न्यायाधीशहरु डा. मनोजकुमार शर्मा र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मर्यादाक्रममा अगाडि रहेका कर्मचारीको तलबमान पछाडि रहेका कर्मचारीको भन्दा बढी हुने गरी तलब निर्धारण गर्न आदेश दिएको सर्वोच्चका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमार्फत सरकारले १ साउन २०७९ गतेदेखि लागू हुने गरी सबै सरकारी कर्मचारीको तलब १५ प्रतिशतले वृद्धि गरेको थियो । २६ पुस २०८० मा निजामती सेवाको सहसचिव, उपसचिव र शाखा अधिकृत स्तरका कर्मचारीले बढाएको तलबमानमा असहमति जनाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

उनीहरुले १६ वैशाख २०७६ मा गृह मन्त्रालयले राजपत्रमा प्रकाशित गरेको राष्ट्रिय जीवनमा विभिन्न क्षेत्रमा रहेका पदको मर्यादाक्रमसम्बन्धी सूचनालाई आधार बनाएर त्यसकै आधारमा तलबमान तोकिनुपर्ने माग रिटमार्फत गरेका थिए ।

मर्यादाक्रममा आफू समान र आफूभन्दा पछाडि रहेका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धानमा विभागका अधिकारीहरुको सुरुको तलबमान आफूहरुको भन्दा बढी रहेको र यो विभेदपूर्ण रहेको भन्दै खारेजीको माग गरेका थिए ।

समान पद र हैसियतका राष्ट्रसेवक कर्मचारीहरुलाई दिइने न्यूनतम आधारभूत सुरु तलब स्केलमा नै विभेदकारी निर्णय गरी कसैलाई काखा र कसैलाई पाखाको नीति अख्तियार गरिएको भन्दै निजामती कर्मचारीहरुले सर्वोच्चमा दायर रिटमा उल्लेख थियो ।

मर्यादाक्रममा सहसचिव अर्थात् राजपत्रांकित प्रथम श्रेणीका अधिकृत १६ औं नम्बरमा र नेपाली सेनाका सहायक रथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक १७ औं नम्बरमा छन् ।

तर २०७९ साउन १ देखि लागू भएको सुरु तलब स्केल सहसचिवको ५६ हजार ७८७ रुपैयाँ छ भने सहायक रथी, प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षकको ६० हजार ९५० छ । यसरी सहसचिवभन्दा तल्लो मर्यादयमा रहेका सुरक्षाकर्मीले सुरु तलब नै ४ हजार १६३ रुपैयाँ बढी पाइरहेको देखिन्छ ।

मर्यादाक्रमअनुसार अहिले नेपाली सेनाको सहसेनानी र नेपाल सरकारका शाखा अधिकृतको मर्यादा क्रम एउटै (२० औं) हो । तर, अहिले सहसेनानीको सुरु तलब ४७ हजार २०८ छ भने शाखा अधिकृतको ४३ हजार ६८९ मात्रै छ । यसले मर्यादामा बराबर हुँदा पनि शाखा अधिकृतले ३ हजार ५१९ कम तलब पाइरहेको देखाउँछ । शाखा अधिकृतभन्दा एक तह मुनिको मर्यादाक्रममा रहेका उपसेनानीको तलब स्केल ४५ हजार १०३ रहेको छ ।

नेपाल सरकारका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत वा सो सरहका अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक सबै मर्यादाक्रममा १८ नम्बरमा छन् । तर, प्रमुख सेनानीको सुरु तलब ५२ हजार २७९ रुपैयाँ छ भने सरकारका उपसचिवको सुरु तलब ४८ हजार ७३७ रुपैयाँ मात्रै छ । यो मर्यादाक्रम पनि कर्मचारी पाउने तलब सुरक्षाकर्मीभन्दा ३ हजार ५४२ रुपैयाँ कम छ ।

यी मात्रै हैन, मर्यादाक्रम समान रहेका र कर्मचारीभन्दा तल्ला मर्यादामा सुरक्षाकर्मीहरुले सरकारी कर्मचारीको भन्दा बढी तलब पाइरहेका छन् । प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक र प्रहरी निरिक्षक र सोही मर्यादाक्रममा रहेका सरकारी कर्मचारीबीच पनि सुरु तलबमा अन्तर छ ।

सेनातर्फ सहायक रथी, महासेनानी, प्रमुख सेनानी, सेनानी, सहसनानी, उपसेनानी र सहायक सेनानीको तलब समान किसिमको श्रेणीमा कार्यरत सरकारी कर्मचारीहरुको भन्दा बढी छ ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरीको बजेट ९० करोड १३ हजार

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ९० करोड १३ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ ।

सोमबार गाउँसभामा बजेट प्रस्तुत गर्दै गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरले आन्तरिक आयस्रोत तथा बैंक नगद अल्याबाट ३० करोड २७ लाख ९४ हजार ७ सय ९९ रुपैयाँ, संघीय सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँटफाँड, समपुरक, सशर्त र विशेष गरी ३५ करोड ३६ लाख ५५ हजार, प्रदेश सरकारको समानीकरण अनुदान, सवारी कर वाँडफाँड सशर्त, समपुरक र विशेष गरी ६ करोड २८ लाख १० हजार ४ सय तथा बाँकी १८ करोड ७ लाख ५२ हजार ८ सय १ रुपैयाँ संघीय सरकार राजस्व बाँडफाँड, प्रदेश सरकार सवारी कर, वन रोयल्टी तथा अन्य निकायबाट प्राप्त हुने अनुमान गरिएको उल्लेख गरेकी हुन् ।




व्ययतर्फ संघीय सरकारको सशर्त र समपुरक गरी ३५ करोड ३६ लाख ५५ हजार, प्रदेश सरकारको समपुरक, विशेष र सशर्ततर्फ ६ करोड २८ लाख १० हजार, संघ र प्रदेश सरकारले उपलब्ध गराएको समपुरक बजेटमा गाउँपालिकाको तर्फबाट समेत गरी २ करोड ८२ लाख, प्रशासनिक चालु खर्च तथा कार्यक्रम खर्चतर्फ १६ करोड ५० लाख २२ हजार ९९ खर्च हुने अनुमान गरिएको छ ।

विषयगत कार्यक्रम क्रियाकलापतर्फ ३० करोड ७३ लाख ४७ हजार, वडास्तरीय योजनातर्फ ९ करोड ४० लाख, गाउँपालिका स्तरीय योजना र पूर्वाधार विकास योजनातर्फ ३३ करोड ३६ लाख ४३ हजार ९ सय १ रुपैयाँ खर्च हुने अनुमान रहेको उपाध्यक्ष मगरद्वारा प्रस्तुत बजेटमा उल्लेख छ ।

# विषालु कीराले टोक्दा बिरामी परेकी पुडासैनी,'मैले पुनर्जीवन पाएँ'

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ पहिचान नभएको विषालु कीराको टोकाइबाट गम्भीर बिरामी परेकी जिल्ला समन्वय समिति मकवानपुरका निवर्तमान उपपप्रमुख भगवती पुडासैनीले पुनर्जीवन पाएको बताएकी छन् ।

घरमै सुतिरहेको अवस्थामा कीराले टोकेपछि सामान्य अवस्था सोचेर बसेकी उनको ज्यान पाटन हस्पिटलमा पुगेपछि मात्रै जोगिएको र डाक्टरले समेत उनलाई मृत्युको मुखबाट जोगाएको पुडासैनीले सामाजिक सञ्जालमार्फत् जानकारी दिएकी छन् । गएको जेठ २२ गते नेकपा एमाले मकवानपुरको अधिवेशनका समयमा कार्यक्रमस्थलबाट घर गएर राति सुत्ने तरखरमा रहेकी उनलाई अर्धनिन्द्रामा नै केही विषालु जीवले टोकेको थियो ।

कमिलाले टोकेको जस्तो लागेकोले उनले त्यसमा खासै ध्यान दिएकी थिइनन् । अवस्थाले विकराल रुप नलिएसम्म सामान्य दुखाई कम गर्ने औषधि खाएर घरमै बस्ने र विभिन्न काममा सहभागी भएकी उनी अन्तत गाह्रो भएपछि हेटौंडा अस्पतालमा पुगेकी थिइन् । त्यहाँ पनि अवस्था उस्तै भएपछि उनलाई पाटन हस्पिटलमा लगिएको र डाक्टरहरुले मृत्यूको नजिक पुगेकी उनलाई बचाएको उनले फेसबुक पोष्टमार्फत् जानकारी दिएकी छिन् । उनले सामाजिक सञ्जालमार्फत् आफूले पुनर्जीवन पाएको बताएकी छन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना